मालारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सनदहा, अर्घाखाँची
लुम्बिनी प्रदेश नेपाल

गोविन्द भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८२/०५/२३ गतेका दिन यस मालारानी गाउँ कार्यपालिकाको ६५ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दल बहादुर भट्टराईज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निम्म बमोजिमका निर्णयहरु गरियो ।

| क्र. स. | वडा | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री दल बहादुर भट्टराई | अध्यक्ष | |
| २ | - | श्री दिपा पोख्रेल | उपाध्यक्ष | — |
| ३ | १ | श्री दधिराम आचार्य | सदस्य | — |
| ४ | २ | श्री योगेन्द्रनाथ भुसाल | सदस्य | — |
| ५ | ३ | श्री दण्डपाणि पोख्रेल | सदस्य | |
| ६ | ४ | श्री विष्णु प्रसाद पोख्रेल | सदस्य | |
| ७ | ५ | श्री तुल्सीराम मिश्र(तिलक) | सदस्य | |
| ८ | ६ | श्री नारायण प्रसाद अर्याल | सदस्य | — |
| ९ | ७ | श्री खड्क प्रसाद भुसाल | सदस्य | |
| १० | ८ | श्री नरेन्द्र कुमार वस्नेत | सदस्य | |
| ११ | ९ | श्री महेन्द्रवावु खनाल | सदस्य | — |
| १२ | ४ | श्री लिल बहादुर वि.क. | सदस्य | — |
| १३ | ८ | श्री पद्मा पन्थी | सदस्य | |
| १४ | ३ | श्री सरस्वती खनाल | सदस्य | सरस्वती |
| १५ | २ | श्री मिना खड्का क्षेत्री | सदस्य | |
| १६ | ५ | श्री मधु खनाल | सदस्य | |
| १७ | ९ | श्री हिमा सुनार | सदस्य | — |
| १८ | ६ | श्री नुम ब. घर्ती मगर | का.वा.अध्यक्ष | |
| १८ | - | श्री गोविन्द भट्टराई | सदस्य- सचिव | |

**कार्यसम्पादन सहयोगी कर्मचारीहरुः-**

१- श्री रमेश पन्थी - शिक्षा शाखा प्रमुख
२- श्री लेख प्रसाद खनाल - प्रशासकीय अधिकृत
३- श्री पदम आचार्य - स.प्र.अ.
४- श्री शोभाकर खनाल - का.स.

मालारानी गाउँपालिका, अर्घाखाँची
गाउँ कार्यपालिकाको ६५औं बैठक

मिति: २०८२।०५।२३
समय: बिहान ११.०० बजे
बैठकका प्रस्तावहरु

१ ६४ औं बैठकको समिक्षा सम्बन्धमा।
२ उत्पादन र बिक्रिमा आधारित अनुदान कार्यविधि सम्बन्धमा।
३ कर्मचारीको सेवा सुविधा मापदण्ड २०८२ सम्बन्धमा।
४ रिक्त दरबन्दीमा कर्मचारी व्यवस्थापन सम्बन्धमा।
५ आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्बन्धमा
६ बिविध/ समसामयिक बिषयहरु सम्बन्धमा।

वैठकका प्रस्ताव र निर्णयहरु

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | ६४ औं बैठकको समिक्षा। | अघिल्लो बैठकबाट भएका निर्णयहरुको अवस्था विश्लेषण हुनुपर्ने। | मिति २०८२।०५।०८ गतेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु क्रमश समिक्षा गर्दा सबै कार्यान्वयन भएकोले उल्लेखित निर्णयहरुको समिक्षात्मक विश्लेषणलाई अनुमोदन गर्ने। साथै बार्षिक कार्ययोजना कार्यान्वयन सम्बन्धमा गरिएको प्रतिबद्धताको सन्दर्भमा छलफल गर्दा तोकिएको समयसिमा भित्र सबै पक्षले आ- आफ्नो कार्यसम्पादन गर्न/ गराउनको लागि निर्देशन गर्ने | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| २ | उत्पादन र बिक्रिमा आधारित अनुदान कार्यविधि सम्वन्धमा। | गाउँपालिकाबाट उत्पादन र बिक्रिमा आधारित अनुदान उपलब्ध गराउनको लागि आवश्यक भएको कार्यविधि बिधेयक समितिबाट सिफारिस भई आएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने। | यस गाउँपालिका अन्तर्गतको विधेयक समितिबाट सिफारिस संलग्न बमोजिमको "उत्पादन र बिक्रिमा आधारित अनुदान कार्यविधि"२०८२ स्वीकृत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |
| ३ | कर्मचारीको सेवा सुविधा मापदण्ड २०८२ सम्बन्धमा। | गाउँपालिका अन्तर्गतका कर्मचारीहरुको सुविधा सम्बन्धी मापदण्ड, २०८२ विधेयक समितिबाट सिफारिस भई प्राप्त हुन आएकोले गाउँ कार्यपालिकाबाट स्वीकृत हुनुपर्ने। | यस गाउँपालिकाको लागि आवश्य क भई विधेयक समितिबाट सिफारिस संलग्न अनुसारको कर्मचारीको सेवा सुविधा मापदण्ड २०८२ लाई स्वीकृत गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ४ | कर्मचारी व्यवस्थापन संम्बन्धमा | यस गाउँपालिकामा रिक्त दरबन्दीहरु पदपुर्ती नहुँदा कार्यसम्पादनमा कठिनाई भएकोले कर्मचारी व्यवस्थापन गर्न गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने। | ४.१. यस गाउँपालिका अन्तर्गत स्वीकृत दरबन्दीहरुमध्ये गाउँ कार्यपालिका तथा अन्तर्गतका कार्यालयमा दरबन्दी रिक्त हुँदा सम्पादन हुने कार्यहरुमा कठिनाई उत्पन्न भएको अवस्थामा प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशबाट प्रकाशित बैकल्पिक /अस्थायी योग्यता क्रममा रहेका देहायका पद र तहका उम्मेदवारहरुलाई अर्को व्यवस्था नहुँदा सम्मको लागि अस्थायी नियुक्तिको लागि सूची उपलब्ध गराईदिन प्रदेश लोक सेवा आयोगको कार्यालयमा अनुरोध गर्ने। देहाय:<br>सेवा: प्रशासन, समूह: सामान्य प्रशासन अन्तर्गत चौथो तहका २ जना र पाँचौ तहका ३ जना गरी जम्मा ५ जना मात्र<br><br>४.२. अर्घाखाँची आयुर्वेद स्वास्थ्य केन्द्र सन्धिखर्कको च.नं. २८ मिति २०८२।०४।१९ को प्राप्त पत्रानुसार यस गाउँपालिकामा सन्चालिन नागरिक आरोग्य केन्द्र आ.व.२०८२।०८३ देखि यस गाउँपालिकालाई हस्तान्तरण भएकोमा उक्त केन्द्रमा कार्यरत का.स.( अभ्यङ्गकर्ता) श्री नविन भुसाललाई २०८२।०४।०१ गते देखि लागु हुने गरी साविककै सेवा सुविधा उपलब्ध गराउने गरी मिति २०८३ असार मसान्त सम्मको लागि करार सेवा सम्झौता गरी कामकाजमा लगाउने। साथै आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागको च.नं. ५४ मिति २०८२।०५।०६ को प्राप्त पत्रानुसार वैद्य( सहायक स्तर चौथो तह ) को सेवा सुविधा उपलब्ध गराउने गरी करार सम्झौता गरी परिचालन गर्ने।<br><br>४.३. यस गाउँपालिकाको लागि आवश्यक भई साविकमा इलेक्ट्रिक, कम्प्युटर लगायतका अन्य मेशिनरी औजार मर्मत कार्यका लागि ३ वटा सेवा करार सम्झौता गरिएका फर्म/ संस्था/ व्यक्तिहरुको सेवा सुबिधा साविक बमोजिमनै हुने गरी उक्त सेवा करार सम्झौता मिति २०८२।०४।०१ गते देखि लागु हुने गरी २०८३ असार मसान्त सम्मको लागि म्याद थप/ नविकरण गर्ने ।<br><br>४.४. यस गाउँपालिकाको स्वीकृत दरबन्दी अन्तर्गत रिक्त दरबन्दीहरु मध्ये स्थायी नियुक्तीको लागि लोक सेवा आयोगबाट सिफारिस नहुँदा सम्मको लागि स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, असिष्टेन्ट सव इन्जिनियर सहायक स्तर चौथो तहका २ पद करार सेवाबाट भर्ना गर्नको लागि कार्यालयलाई निर्देशन गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

दल बहादुर
अध्यक्ष

| स्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ५ | आर्थिक / विपद् व्यवस्थापन सहयोग सम्बन्धमा | विभिन्न रोगहरुको औषधी उपचारको लागि आर्थिक सहयोग र विपद्को लागि राहत माग भई आवश्यक कागजातहरु सहित निवेदनहरु पेश भएको सम्बन्धमा आर्थिक तथा विपद् राहत उपलब्ध गराउनको लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनु पर्ने। | ४.१. क्यान्सर रोग उपचार सहयोगको लागि राम प्रसाद पोखेल वडा नं. ४ र साविना खनाल वडा नं. ३ रु. २५/२५ हजार,<br>४.२. मृगौला उपचारको लागि सरिता पुन घ.म. वडा नं. ६ रु. २० हजार<br>४.३. पित्त थैलीको उपचारको लागि रुके सार्की वडा नं. ४ रु. २० हजार<br>४.४. हात उपचारको लागि डोर लाल भुसाल वडा नं. ३ रु. ५ हजार ३ सय २१<br>४.५. आ.व. २०८१।८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रमका श्रमिक विन बहादुर सुनार वडा नं. ६ कामबाट घर फर्कने क्रममा भिरबाट लडेर उपचारको क्रममा मृत्यु भएको र अनेत्रबाट केही सहयोग नभएकोले उपचार खर्चमा सहयोग वापत निजको श्रीमती सरस्वता सुनारलाई रु. २० हजार आर्थिक सहयोग उपलब्ध गराउने।<br>४.६. लक्ष्मी खनाल वडा नं. ३ को थारे घर भत्केकोले पुनः निर्माण सहयोग वापत रु. ८ हजार,रुपा वि.क. वडा नं. ३ घरको तला खसेकोले मर्मतको लागि रु. ८ हजार, भिम बहादुर रोका वडा नं.९ को आगो लागि बाट गोठ नष्ट भएकोले छानोको लागि ७ फूटे २७ पाता र विष्णु बहादुर टोमटा वडा नं. ५ को थारे घर आगोलागिबाट नष्ट भएकोले छाना निर्माणको लागि ९ फुटे २६ पाता सादा जस्तापाता उपलब्ध गराउने।<br>४.७. वडा नं. ६ गोपिचौर निवासी गनेश सार्की मिति २०८२।०३।२६ गते कतै जान घरबाट हिडेकोमा मिति २०८२।०३।२७ गते निजको शव भिरबाट लडेर मृतक अवस्थामा पाखापानी भन्ने स्थानमा फेला परी ६ नं. वडा कार्यालयबाट निजको सव पोष्टमार्टमको लागि अर्घाखाँची अस्पतालमा लैजान एउटा गाडि उपलब्ध गराई दिन भनी अनुरोध भई आएको र उक्त मृतक विपन्न एकल पुरुष भएकोले पालिकाबाट गाडि उपलब्ध गराउने सम्बन्धमा भएको तोक आदेश बमोजिम गाडि नं. लु १ ज १९४४ नं. को जिपले शव पोष्टमार्टमको लागि अस्पातलमा लैजाने र फर्कने गरेवापत उक्त गाडिका चालक श्री विष्णु प्रसाद अधिकारीको माग निवेदन बमोजिम रु. ९ हजार गाडी भाडा आर्थिक सहायता कोषबाट भुक्तानी गर्ने। | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। |

अध्यक्ष

| प्रस्ताव | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| ६ | बिविध/ समसामयिक बिषयहरु सम्बन्धमा भएका निर्णयहरु । | | | |
| ६.१ | आ.व. २०८२/८३ मा चालु खर्चतर्फ संकेत नं ६२६.२२.१.१२८ र खर्च शीर्षक नं २५३११ अन्तर्गतका विद्यालय शिक्षक कर्मचारी व्यवस्थापन अनुदान बाँडफाँड सम्वन्धमा | विद्यालयको आवश्यकता र शिक्षक तथा कर्मचारी नियुक्तिको आधार उल्लेखित शिर्षकबाट सम्बन्धित बिद्यालयलाई अनुदान उपलब्ध गराउन गाउँ कार्यपालिकाबाट निर्णय भएको हुनुपर्ने । | ५.१. शैक्षिक सत्र २०८१ मा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गर्दा सरस्वती आ वि मालारानी-९, गोखुङ्गाको विद्यालयलाई संघीय शिक्षण सहयोग अनुदान कोटाको समेत हिसाब गरी मिलान गरिएकोमा मिलान पश्चात् उक्त कोटा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्यविधिबाट कटौती भएको कारणबाट विद्यालयलाई एक वटा निम्न माध्यमिक तहको शिक्षक संख्या घटी भएको पूर्ति गर्नको लागि आ.वं. २०८२/८३ मा चालु खर्चतर्फ संकेत नं ६२६.२२.१.१२८ र खर्च शीर्षक नं २५३११ अन्तर्गतका विद्यालय शिक्षक कर्मचारी व्यवस्थापन अनुदान शीर्षकमा विनियोजित रकम रू ११ लाख २० हजार रकममध्येबाट सरस्वती आ वि मालारानी-९, गोखुङ्गालाई शिक्षक नियुक्ति तथा निरन्तरताको निर्णय र हाजिरी प्रमाणको आधारमा निम्न माध्यमिक तहको शिक्षण सहयोग अनुदान कोटाको तलब स्केल बराबर त्रैमासिकगत रूपमा अनुदान निकासा गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ६.२ | पूर्ण सरसफाई उन्मुख वडा/ गाउँपालिका घोषणा अभियान सम्वन्धमा | पूर्ण सरसफाई उन्मुख वडा/ गाउँपालिका घोषणा अभियान सन्चालन भएकोमा थप रणनीति तयका लागि गाउँ कार्यपालिकाबाट निर्णय हुनुपर्ने । | यस गाउँपालिकामा सन्चालन भएको पूर्ण सरसफाई अभियानलाई निश्कर्षमा पुऱ्याउनको लागि EACH परियोजनासँग संयुक्त बैठक वसी आगामी गतिबिधिहरु सन्चालन गर्ने । | पेश भए बमोजिमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो । |
| ६.३ | निर्देशक समितिको निर्णय अनुमोदन सम्वन्धमा | गाँउपालिकाको साझेदारी कार्यक्रम सन्चालन तथा व्यवस्थापन कार्यविधि बमोजिम साझेदारी कार्यक्रम संचालन व्यवस्थापन र सहजिकरणका लागी गठित निर्देशक समितिको निर्णय गाउँ कार्यपालिकाबाट अनुमोदन हुनुपर्ने प्राबधान भएको । | मिति २०८२।०४।२७ मा निर्देश समितिको बैठक बाट मिति २०८२।०४।१९ गते बसेको परियोजना अनुगमन तथा समन्वय समितिद्धारा गरिएका तपशिलका निर्णयहरुलाइ अनुमोदन गरी गाउँ कार्यापालिकामा सिफारिस भएका तपशिल बमोजिमका निर्णयहरुलाई अनुमोदन गर्ने ।<br>१. संलग्न बमोजिमपरियोजना संचालन निर्देशिका परिमार्जन(परियोजना मार्फत सन्चालन हुने क्रियाकलापहरु) सम्बन्धिको निर्णय ।<br>२. उत्पादन र बिक्रिमा आधारित अनुदान तथा कृषि उपज ढुवानी अनुदान सम्वन्धिको निर्णय । | पेश भए बमोजिमको प्रस्ताव अनुमोदन गर्ने निर्णय गरियो । |

| [illegible] प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|
| | | ३. उपहार कोष परिचालन सम्बन्धमा मिति २०८२।०४।१९ गते बसेको परियोजना अनुगमन तथा समन्वय समितिको वैठकको निर्णय लाइ संशोधन गरि आ व ०८०।०८१ मा दुधालु गाई भैसी खरिदमा उपलब्ध गराइएको अनुदान रकम मध्येबाट प्रति गाई भैसी रु १००००। का दरले उपहार गर्ने निर्णय बमोजिम समुह सदस्यबाट उपहार गरिएको रकम मालारानी दुग्ध सहकारी संस्था मालारानी ५ बाँगीमा बिउ पुँजिको रुपमा रहने गरि परियोजना र सहकारी बिच सम्झौता गरि सहकारी संस्थालाई उपलब्ध गराउने सम्बन्धिको निर्णय | |